प्रदेश सरकार

प्रदेश नं. ५

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, नेपाल

# भूमिहिन किसानका लागि करार खेती कार्यक्रम सम्बन्धि सूचना

प्रथम पटक सुचना प्रकाशन मिति २०७५/०६/२५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५, बुटवलको आ.व. २०७५।७६ को भूमिहिन कृषकहरुको लागि करार खेती कार्यक्रम संचालनका लागि आवश्यक कागजात सहितको निवेदन सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ।यस सम्बन्धि आवश्यक कागजात तथा मापदण्ड सम्बन्धि थप जानकारी मन्त्रालयको Website:molmac.p5.gov.np बाट वा यस मन्त्रालय मातहतका कार्यालयमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल
Email: molmacplanning@gmail.com
Phone No: 071-540026

## भूमिहिन किसानकाहकमा करारमा खेती (कृषि तथा पशुपंछि पालन) गर्नकालागी आवश्यक कागजात तथा मापदण्डहरु

१) भूमिहिन (३ कठ्ठा वा सो भन्दा कम जग्गा जमिन भएका) प्रदेश ५ भित्रका जग्गा भाडामा लिई खेती (कृषि तथा पशुपंछि पालन) गर्न ईच्छुक प्रदेश ५का कृषक हुनु पर्ने ।भूमिहिन कृषकको हकमा सम्बन्धित स्थानिय तह वा सम्बन्धित वडा कार्यालयको शिफारिस पत्र पेश गर्नुपर्ने ।

२) एक जना कृषकले तराईमा कम्तिमा १ देखि बढिमा १० बिगाह सम्म र पहाडमा कम्तिमा १० देखि १०० रोपनीमा खेती गर्ने हुनु पर्नेछ ।

३) भाडामा लिईने जग्गा सरकारी, गुठी वा विधालय वा संस्था, अनुपस्थित जग्गाधनी, बांझो तथा उपस्थित जग्गाधनी कुनैपनि हुन सक्ने तर प्राप्त निवेदन मूल्याङ्कन गर्दा निम्नानुसार प्रथामिकता दिइनेछ ।

पहिलो प्रथामिकता: सरकारी स्वामित्वमा रहेका जग्गा

दोस्रो प्रथामिकता: गुठी वा विधालय वा अन्य संस्थान

तेस्रो प्रथामिकता: अनुपस्थित जग्गाधनीहरुको बांझो जग्गा

चौथो प्रथामिकता: अनुपस्थित जग्गाधनीहरुको खेती भैरहेको जग्गा

पांचौ प्रथामिकता: उपस्थित जग्गाधनीहरुको खेती भैरहेको जग्गा

४) एक बर्षिय बाली खेती गर्ने भए कम्तिमा ५ बर्षको र फलफूल वा स्थाई संरचना खडा गरी खेती गर्ने अवस्था भएमा कम्तिमा १५ बर्षको जग्गा करार हुनु पर्ने ।

५) भाडामा लिने दिने जग्गा कम्तिमा ५ बिगाह तराईमा र ५० रोपनी पहाडमा एकै कलष्टरमा हुनु पर्नेछ र सो जग्गा एक वा एक भन्दा बढि व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको हुन सक्नेछ ।

०७५।६।२५

[illegible]
वरिष्ठ कृषि विकास अधिकृत

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, नेपाल
Email: molmacplanning@gmail.com
Phone No: 071-540026

६। जग्गा धनि र भाडा लिने कृषक बिचको सम्झौता स्थानीय तहको जनप्रतिनिधिको रोहबरमा गरिएको हुनु पर्नेछ ।

७। यसरी जग्गा भाडामा लिई खेती गर्ने कृषकहरुलाई भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले पहिलो वर्ष १००%, दोस्रो वर्ष ५०%, र तेस्रो वर्ष २५% जग्गा भाडा उपलब्ध गराउनेछ।

८। प्रति क्लस्टर तराईमा ५ बिगाह र पहाडमा ५० रोपनीमा कृषि उत्पादनका लागि पूर्वाधार विकास खर्च कुल लागतको ८५ प्रतिशत वा ३ लाख मध्ये जुन कम हुन आउछ उक्त रकम अनुदान स्वरुप उपलब्ध हुनेछ। अनुदान रकम मध्येको १०% सम्म रकम आवश्यकता अनुसार उत्पादन सामाग्री खरिदमा खर्च गर्न सकिनेछ ।

९। यसरी भाडामा लिई खेती गर्ने कृषकले पूरा समय अवधि खेती गर्ने प्रतिबद्धता जनाउनु पर्ने र बिचमा सम्झौता तोडिएको अवस्थामा भाडा रकम सम्बन्धित कृषकबाट असुल उपर गर्न सकिने छ ।

१०। कुरामा खेती गर्न इच्छुक कृषकले अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन र आयोजनाको प्रस्ताव पेश गर्नु पर्नेछ।

११। नेपाली नगरिकताको प्रमाण पत्रको प्रतिलिपी निवेदन संगै पेश गर्नुपर्नेछ।

७५।६।१५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, नेपाल

Email: molmacplanning@gmail.com

Phone No: 071-540026

## करारमा खेती (कृषि तथा पशुपंछि पालन) कार्यक्रमको लागि अनुदानको मापदण्ड

| प्रति क्लस्टर तराईमा ५ बिगाहको लागि | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | कार्यक्रम | अनुदानको किसिम | अनुदान रकम | अनुदान प्रतिशत | अपेक्षित उपलब्धि | कैफियत |
| 1 | भूमिहिन किसानका लागि करार खेतीमा अनुदान | जग्गा भाडा | स्थानिय दररेट अनुसार | पहिलो बर्ष जग्गा भाडा १००%, दोस्रो बर्ष ५०% र तेस्रो बर्ष २५% | कार्यक्रम अवधिभर करिब १००० विघामा थप खेती भई ५०० जना व्यवसायिक कृषक तयार हुनेछन्। | ३ लाख रकम मध्ये १० % रकम उत्पादन सामाग्रीमा खर्च गर्न सकिनेछ |
| 2 | | उत्पादनका लागि पूर्वाधार विकास खर्च | बढिमा ३ लाख सम्म | कुल लागतको ८५ प्रतिशत वा ३ लाख मध्ये जुन कम हुन आउछ । | | |
| प्रति क्लस्टर पहाडमा ५० रोपनीको लागि | | | | | | |
| सि.नं. | कार्यक्रम | अनुदानको किसिम | अनुदान रकम | अनुदान प्रतिशत | अपेक्षित उपलब्धि | कैफियत |
| 1 | भूमिहिन किसानका लागि करार खेतीमा अनुदान | जग्गा भाडा | स्थानिय दररेट अनुसार | पहिलो बर्ष जग्गा भाडा १००%, दोस्रो बर्ष ५०% र तेस्रो बर्ष २५% | कार्यक्रम अवधिभर करिब १००० विघामा थप खेती भई ५०० जना व्यवसायिक कृषक तयार हुनेछन्। | ३ लाख रकम मध्ये १० % रकम उत्पादन सामाग्रीमा खर्च गर्न सकिनेछ |
| 2 | | उत्पादनका लागि पूर्वाधार विकास खर्च | बढिमा ३ लाख सम्म | कुल लागतको ८५ प्रतिशत वा ३ लाख मध्ये जुन कम हुन आउछ । | | |